# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

## सूचना

श्री ५ महाराजाधिराजका हजूरमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष तथा सदस्यहरूले, लोकसम्मति बुझिबक्सेर शासन व्यवस्था कायम गरिबक्सने मौसूफको पवित्र सदिच्छामा आधारित देशवासीका नाममा बक्सेको शाही घोषणा अनुसार मौसूफबाट चाहना गरिबक्सेको जनमतको परिणाम प्राप्त नहुन्जेलसम्म गाउँफर्क राष्ट्रिय अभियान सक्रिय अवस्थामा रही रहँदा निष्पक्ष, स्वतन्त्र र निर्भिक जनमत प्राप्त हुनमा कुनै पनि पक्षबाट शंका उपशंका र टीका-टिप्पणी नहोस् भन्ने हेतुले वर्तमान परिप्रेक्ष्यमा गाउँफर्क राष्ट्रिय अभियान संस्थालाई निलम्वित गर्नु आवश्यक भएको भन्ने बिन्ती चढाउनु हुँदै गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष, सदस्यहरू तथा सदस्य-सचिवले राजीनामा चढाउनु भएको व्यहोरा र केन्द्रीय समितिअन्तर्गतका वर्गीय संगठन केन्द्रीय सल्लाहकार समिति तथा केन्द्रीय समितिबाहेक अन्य तहका सबै अभियान समितिहरूका सदस्यहरूलाई पनि यही प्रसंगमा पदबाट अलग रही कार्यक्षेत्रमा उत्रिनको लागि आफ्नो आफ्नो पदबाट राजीनामा पेश गर्न गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्देशन दिएको व्यहोरासमेत मौसूफ सरकारका हजूरमा जाहेर हुँदा, मौसूफबाट गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष, सदस्यहरू तथा सदस्य-सचिवको राजीनामा स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।